राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

२०७४ माघ १८ गते

## आप्रवासी कामदारको अधिकारका लागि संयुक्त राष्ट्रसंघीय विशेष समाधीक्षक र आयोगका अध्यक्ष बिच छलफल

**आप्रवासी कामदारहरुको अधिकारका लागि संयुक्त राष्ट्र संघीय विशेष समाधीक्षक Felipe Gonzalez Morales नेतृत्वको टोलीले आज नेपाली आप्रवासी कामदारको अवस्था तथा तिनको हक अधिकार सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्षसँग भेटघाट गरी छलफल गरेको छ ।**

सो अवसरमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले भारतमा रहेका नेपाली कामदारहरूको मानव अधिकारको अवस्था तथा आप्रवासी कामदारहरूको अधिकारका लागि आयोगबाट हालसम्म भएका प्रयासहरूको बारेमा जानकारी गराउनु भयो । भेटघाटको क्रममा आप्रवासी कामदारहरुको अधिकारका लागि संयुक्त राष्ट्र संघीय विशेष समाधीक्षक Felipe Gonzalez Morales ले नेपाली आप्रवासी कामदारहरूको भर्ना प्रक्रिया, स्वदेश फर्केका कामदारहरूको पुन:एकीकरण, शरणार्थीहरूको अवस्था एवं आयोगबाट भएका प्रयासहरूको बारेमा चासो व्यक्त गर्नुभएको थियो । सो अवसरमा नेपाली आप्रवासी कामदारहरूको विभिन्न मुलुकमा अतिरिक्त समय समेत काम गर्नुपरेता पनि त्यसको उचित पारिश्रमिक प्राप्त हुन नसकेको तथा विश्वका अन्य राष्ट्रिय मानव अधिकार संस्थाहरूले आप्रवासी कामदारहरूको सम्बन्धमा गरेका प्रयासहरूको समेत छलफल भएको थियो ।

उक्त भेटघाटमा आयोगका माननीय सदस्य सुदिप पाठक, सचिव वेद भट्टराई समेतको उपस्थिति रहेको थियो ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org